# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।०८ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

नापी कार्यालय साँखु, काठमाडौंका नापी सर्वेक्षक श्याम कृष्ण न्यौपाने र लेखापढी व्यवसायी विष्णु के.सीले जग्गा हालसाविक गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगालबाट खटिई गएको टोलीले निजहरू नापी सर्वेक्षक श्याम कृष्ण न्यौपाने र लेखापढी व्यवसायी विष्णु के.सीलाई सेवाग्राहीसँग रू.१,५०,०००।— (एक लाख पचास हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा जग्गा हालसाविक गर्ने कार्यमा नापी कार्यालय, साँखुका नापी सर्वेक्षक श्याम कृष्ण न्यौपाने र मालपोत कार्यालय साँखुका नायव सुब्बा महेश काफ्लेले घुस/रिसवत माग गरी मध्यस्थकर्ता बिष्णु कुमार के.सी.लाई कुराकानी गर्न लगाई उक्त घुस/रिसवत लिई निज श्याम कृष्ण न्यौपाने र महेश काफ्लेले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजहरूलाई बिगो रू.१,५०,०००।—(एक लाख पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र जरिवाना हुन र मध्यस्तकर्ता बिष्णु कुमार के.सी.ले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि भएको हुँदा निज बिष्णु कुमार के.सी.लाई बिगो रू.१,५०,०००।- कायम गरी ऐ.ऐनको दफा २२ को आधारमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता